**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा विश्वदृष्टि

कृष्णप्रसाद सापकोटा (विद्यावारिधि)
नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन

***Article History :*** *Submitted 14, Nov. 2023.; Reviewed: 16, Jan. 2024; Revised : 9, Feb. 2024*
***Corresponding Author :*** *Krishna Prasad Sapkota* ***E-mail :*** *kpsakota23@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65888*

**सारसङ्क्षेप**

*'बाबुको काँधमा छोरो सुतिरहेको देश' महेशविक्रम शाहको 'छापामारको छोरो' सङ्ग्रहमा सङ्कलित कथा हो । यस कथालाई लुसिए गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा विश्लेषण गरिएको छ । समाजशास्त्रका विभिन्न मान्यताहरूमध्ये विश्वदृष्टि पनि एक हो । यस कथामा देशमा प्रजातन्त्रको पुर्नस्थापनापश्चात् दसवर्षे जनयुद्धको समयमा सर्वसाधारण नेपाली जनताका छोराछोरी कसरी मारिन्थे भन्ने कुराको सन्दर्भ प्रस्तुत भएको छ । नेपालमा दसवर्षे जनयुद्धको एउटा कालखण्डमा कहालीलाग्दो र त्रासद वातावरण सिर्जना भएको थियो । सामान्यरूपमा भन्दा पनि यातना दिएर, त्रासद वातावरणको सिर्जना गरेर व्यक्तिहत्या भएको थियो । व्यक्तिविशेषलाई झुन्ड्याएर, घिसारेर, गोली हानेर र घाँटी छिनाएर शरीर एकातिर र टाउको अर्कोतिर बनाएर छोड्ने घटना दिनानुदिन भएका थिए । यस्तो परिस्थिति सिर्जना हुनुमा युद्धरत माओवादी नेतृत्व पनि दोषी देखिन्छ भने युद्धलाई दबाउने र माओवादीलाई सिध्याउने नाममा सर्वसाधारणको हत्यामा संलग्न सेना पनि दोषी देखिन्छ । दुवै बन्दुकधारीको मार सर्वसाधारणले खेपेका थिए । अन्यायमा पर्ने व्यक्तिले कुनै निकायबाट पनि न्याय पाएका थिएनन् । न्याय दिने निकाय निरीह अवस्थामा थियो । उनीहरू कुनै पनि काम आफूबाट पन्छाएर अर्को निकायलाई टाँसो लगाउन अग्रसर थिए । देशको यस्तो स्थितिले सर्वसाधारण नेपाली जनतामा तनाव र दबाबको स्थिति सिर्जना गरेको थियो । शरीर नभएको छोराको टाउको बोकेर अनेकौँ ठक्कर खाँदै हिँडेको बाबुले विभिन्न निकायमा गुहार्दा पनि न्याय पाउन सकेको थिएन एकातिर भने अर्कोतिर खुलेर उसको समर्थन गर्ने आँट पनि सर्वसाधारणमा नभएको कुरालाई कलात्मक र कथात्मक रूप दिँदै अबको दिनमा यस्तो स्थिति देशमा सिर्जना हुनुहुँदैन भन्ने कुरालाई कथाले देखाएको छ । सबैले सहज रूपमा बाँच्न पाउनुपर्दछ, हाँस्न पाउनुपर्दछ र अन्यायमा पर्नेले न्याय र अन्याय गर्नेले सजाय पाउनुपर्दछ । छाडातन्त्र हुनुहुँदैन अनि मात्र सुखी नेपाली र समृद्ध नेपाल बन्न सक्दछ भन्ने दृष्टिकोणलाई कथाले विश्वदृष्टिका रूपमा प्रस्तुत गरेको छ ।*

**शब्दकुञ्जी** : चेतना, परावैयक्तिक, वर्गचेतना, समानधर्मिता, समृद्ध, सार्थक, संरचना ।

### विषयपरिचय

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाका रचयिता महेशविक्रम शाह (२०२२) आधुनिक नेपाली कथालेखनका सशक्त कथाकार हुन् । उनका *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *ज्याक्सन हाइट* (२०६९) जस्ता थुप्रै कथासङ्ग्रहहरू प्रकाशित छन् । यी विभिन्न कथासङ्ग्रहहरू विभिन्न पुरस्कारबाट पुरस्कृत पनि भएका छन् भने *छापामारको छोरो* कथासङ्ग्रहले नेपालको सर्वोत्कृष्ट पुरस्कारका रूपमा स्थापित

*Copyright 2024© the Author(s)*

मदनपुरस्कार प्राप्त गरिसकेको छ । कथालेखनको प्रारम्भमा आञ्चलिकतालाई महत्त्व दिने शाहले वर्तमानसम्म आइपुग्दा मानवजीवनमा पार्ने विभिन्न समस्याका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्का घटनाहरूले मानवजीवनमा पारेको प्रभावलाई गहिरिएर खोतल्दै त्यसको माध्यमबाट जीवन अमूल्य छ, त्यसलाई कसैले कसैको जीवनमाथि खेलवाड गर्नुहुँदैन भन्ने विचारका कथाहरू लेखेका छन् । कथाकार शाहले मूलतः आफ्ना कथामा नेपाली धर्तीप्रतिको मोह र यहाँको माटोप्रतिको श्रद्धालाई विशेषरूपमा प्रस्तुत गरेका छन् । विशेषतः आफ्नै आञ्चलिक जनजीवनलाई प्रस्तुत गर्न रुचाउने शाहले केही हदसम्म विदेशी पृष्ठभूमि र त्यहाँका समस्या अनि भयावह जनजीवनको यथार्थतालाई पनि मार्मिकरूपमा नै प्रस्तुत गरेको भेटिन्छ । उनका कथामा विदेशमा बस्ने नेपाली जनजीवनको चित्रणमा पनि नेपाली धर्ती, नेपाली मुटुको धड्कन र नेपाली संस्कृतिको सुगन्धलाई स्पष्टरूपमा अनुभूत गर्न सकिन्छ । उनका अधिकांश कथाले र यस कथाले पनि नेपाली जीवनको सुख र सामाजिक परिवर्तनका लागि भनेर बारम्बार चलाइएका आन्दोलनको मूल्याङ्कन गर्दै विभिन्न नाममा आएका परिवर्तन वा व्यवस्थाले नेपाली जनताको वास्तविक अवस्थालाई सम्बोधन गर्न नसकेको गुनासो देखिन्छ । यथार्थमा उनका कथाले मानवजीवनका घात, प्रतिघात, हिंसा, दमन र प्रतिरोधका घटनालाई यथार्थरूपमा चीरफार गर्दै नेपाली जीवनको यथार्थ मर्मलाई बुझेर अगाडि बढेमा मात्र जीवन सुखद बन्न सक्ने सन्देश दिएको पाइन्छ ।

यिनै प्रवृत्ति र विशेषतालाई बोक्ने शाहको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत उत्कृष्ट कथाहरूमध्येको एक हो । प्रस्तुत कथालाई विविध पक्षहरूमा चर्चा गरिएको भए पनि विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा चर्चा भएको पाइँदैन, त्यसैले समाजशास्त्रीय व्याख्याता लुसिए गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार बनाएर विश्लेषण गरिएको छ । समाजशास्त्रीय अध्ययनका विभिन्न आधार भए पनि यसमा विश्वदृष्टिलाई नै मुख्य आधार मानिएको हुँदा यही नै यसको सीमा पनि हो ।

**अध्ययनको समस्या**

नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् देशमा अनेकौँ प्रकारका विकृति र विसङ्गतिको प्रारम्भ भयो । दसवर्षे जनयुद्धले सर्वसाधारण नेपाली जनताले अनेकौँ यातना भोग्नुपरेको र आफ्ना छोराछोरीलाई गुमाउनुपर्दाको पीडालाई आधार बनाएर लेखिएको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा विश्वदृष्टिको मान्यताका आधारमा विश्लेषण गर्दा महत्त्वपूर्ण र सशक्त रहेको पाइन्छ । युद्धकालीन समयमा भएका त्रासदयुक्त घटना सर्वसाधारण नेपाली जनताको सोचभन्दा भिन्न घटना र माओवादी, सेना र उच्च ओहदामा बस्ने व्यक्तिका क्रियाकलापको कथामा वर्णित घटनासन्दर्भलाई विश्लेषण गर्दा कथामा तत्कालीन परिवेश कस्तो थियो ? उनीहरूले के कस्ता कार्य गरे ? त्यसबाट सर्वसाधारण नेपाली जनताले के कस्ता पीडा खेप्नुपर्‍यो भन्ने प्राज्ञिक जिज्ञासा उत्पन्न भएको छ । यस अध्ययनमा यस्ता विविध कार्यको यथार्थ विश्लेषण गर्दै तत्कालीन परिवेशमा सर्वसाधारण नेपाली जनतामा देखापरेका समस्यालाई नै अध्ययनको समस्या बनाइएको छ ।

**अध्ययनको उद्देश्य**

युद्धकालीन परिवेशको यथार्थ स्थितिलाई अगाडि राखेर विश्वदृष्टिका आधारमा महेशविक्रम शाहको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको अध्ययन गर्नु नै यस अध्ययनको मूल उद्देश्य हो । त्यसक्रममा कथाको घटनासन्दर्भ र लेखकीय कोणबाट स्पष्ट हुन आएका युद्धकालीन समयका परिस्थितिले सिर्जित गरेका समूह र व्यक्तिविशेषका पीडा, युद्धरत पक्ष र अन्य पक्षबाट भएका घटनाको विश्लेषणसहित मूल्याङ्कन गरी अध्ययनको उद्देश्यलाई स्पष्ट पारिएको छ ।

**अध्ययनविधि**

यो अध्ययन साहित्यको समाजशास्त्रीय विधिमा आधारित छ । यसका लागि आवश्यक प्राथमिक तथा द्वितीयक सामग्रीहरूको सङ्कलन गर्दा पुस्तकालयलाई मुख्य आधार बनाइएको छ। विवेच्य 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा रहेको छ भने समाजशास्त्रीय चिन्तन र विश्वदृष्टिसँग सम्बन्धित मान्यता, पूर्ववर्ती अध्ययन-अनुसन्धानात्मक सन्दर्भग्रन्थ, लेख-रचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। मूलतः समाजशास्त्रीय मान्यताअन्तर्गतको विश्वदृष्टिका आधारमा विश्लेषण गरिएको यस अध्ययनमा बढी मात्रामा निगमनात्मक विधिको प्रयोग गरिएको छ भने आवश्यकताअनुरूप पाठपरक व्याख्यात्मकरूपमा साक्ष्यहरूको पहिचान गर्दै तिनको विश्लेषणबाट निष्कर्ष निकालिएको छ।

**विश्लेषणको सैद्धान्तिक आधार**

लुसिए गोल्डमान (इ. १९१३-१९७१) विश्वप्रसिद्ध फ्रान्सेली साहित्यिक व्यक्तित्व हुन् । यिनको साहित्यलेखनको इतिहास त्यति लामो नभए पनि यिनले दर्शन, मनोविज्ञान, समाजशास्त्र आदि विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। गोल्डमान साहित्यलेखनको प्रारम्भमा मार्क्सवादी मान्यताबाट प्रभावित रहे पनि पछिल्लो समयमा त्यस विचारभन्दा भिन्न दृष्टिकोण राख्दै यिनले आफ्नै खालको साहित्यिक मान्यतालाई अगाडि बढाउने कार्य गरेको देखिन्छ। त्यसैले यिनलाई विश्वसाहित्यमा साहित्यिक समाजशास्त्रका प्रमुख व्याख्याता भनेर लिने गरेको पाइन्छ।

साहित्यको समाजशास्त्रको यथार्थ उद्देश्य समाज र साहित्यका बिचको सम्बन्धको खोज हो । समाज र साहित्यका बिचको सम्बन्धको खोजमा गोल्डमानले एउटा नवीन चिन्तन र विश्लेषणको खोज गरेका हुन् । यिनको सिद्धान्त वा मान्यतालाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ। यिनले यो मान्यता विकास गर्दा "लुकाचको समग्रता, विश्वदृष्टि र परावैयक्तिक चेतना, पिजेको सार्थक संरचना, प्रकार्य तथा चेतना र वस्तुबिचको सम्बन्ध एवम् संरचनावादको समानधर्मिताको धारणाबाट प्रभाव ग्रहण गरेको पाइन्छ" (पाण्डेय, इ. २००६, पृ. १५१) । यिनले त्यसको उपयोग र व्याख्यामा भने आफ्नै दृष्टिकोण लगाएको भनेका छन् । त्यसरी नै भण्डारीले गोल्डमानका विश्वदृष्टिसम्बन्धी मान्यताको चर्चा गर्ने क्रममा "कृतिकारले कुनै मान्यता, स्थापना वा कथनलाई प्रतिपादन गर्न कृतिको रचना गरेको हुन्छ र त्यस्तो कथन कृतिका प्रारम्भ, मध्य वा अन्त्य भागमा प्रक्षेपण गरिएको हुनसक्छ" (२०६८, पृ. ८७) भनेका छन् । उनको भनाइले कृतिभित्र लेखकले धेरै वा कुनै एउटा ठाउँमा विश्वदृष्टिको मान्यता राखेको हुन्छ । त्यो मान्यताले अधिकांशमा प्रभाव पार्‍यो भने वा अधिकांश विचारसँग त्यो मान्यताको दृष्टिकोण मिल्न गएमा त्यो नै विश्वदृष्टि हुन्छ भन्ने कुराले गोल्डमानको विश्वदृष्टिको मान्यतालाई केही रूपमा बुझ्न सहयोग पुग्दछ । त्यसरी नै उप्रेतीले भनेका छन्, "एउटै साहित्य पढ्दा एउटै शब्द प्रयोग गर्दा पनि विभिन्न मानिसले त्यस साहित्यको र शब्दको अर्थलाई केही न केही रूपमा भए पनि फरक किसिमले बुझेका हुन सक्दछन् । त्यस फरक बुझाइमा पनि अधिकांशको बुझाइ वा मान्यतामा एक रूपता आएमा विश्वदृष्टि हुन्छ" (२०६८, पृ. १५) । उनको यस भनाइबाट पनि विश्वदृष्टिको मान्यतालाई केही रूपमा बुझ्न सकिन्छ । उनले सबै पाठकले कृतिलाई एउटै रूपमा नबुझेर फरकरूपमा बुझ्न सक्दछन् । अधिकांशको बुझाइ र मान्यता नै विश्वदृष्टिको मान्यता हो भन्ने दृष्टिकोण रहेको पाइन्छ । विश्वदृष्टिका सम्बन्धमा गोल्डमानले हरेक कृति लेखकको सृजना हो, त्यसले लेखकका विचार वा अनुभूतिलाई कलात्मकरूपमा व्यक्त गरेको भए पनि त्यो लेखकको नितान्त आफ्नो मात्र भने हुँदैन, त्यसैले साहित्यिक कृतिमा व्यक्तिविशेषका छुट्टाछुट्टै प्रकारका दृष्टिकोण रहन सक्छन् । लेखकले जीवनमा आफूले देखेका, भोगेका, सुनेका, अनुभूत गरेका विचारबाट ऊ प्रभावित हुन्छ भनेका छन् । पाण्डेयले गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई अझ प्रस्ट पार्दै आफ्ना दृष्टिकोणहरूलाई यसरी प्रस्तुत गरेका छन् :

> लेखकले समाजका व्यक्तिहरूका विचार वा भावसँग जोडेर कृतिमा आफ्ना विचार व्यक्त गर्ने हुनाले कृति लेखकको निजी निर्मित होइन । सामाजिकवर्गका अन्य व्यक्तिहरू पनि विश्वदृष्टिमा सहभागी हुन्छन् । एउटा वर्ग वा समुदायको पूर्णतया सम्भावित चेतनाबाट विश्वदृष्टिको निर्माण हुन्छ भन्ने मान्यता नै यसको प्रमुख मान्यता हो । (सन् २००६, पृ. १४८)

गोल्डमानले प्रस्तुत गरेको विश्वदृष्टिसम्बन्धी मान्यतालाई नारङ्गले यसरी व्यक्त गरेका छन्, "कला वा साहित्यले कुनै न कुनै रूपमा जीवनलाई नै व्यक्त गर्दछ तर त्यो जीवन एउटा व्यक्तिविशेष वा साहित्यकारको नहुन पनि सक्छ। त्यसलाई हेर्ने दृष्टिकोणमा अधिकांशको विचार मिल्न सक्छ" (सन् २००२, पृ. ७७) । उनका अनुसार विश्वदृष्टिको मान्यतालाई बुझ्न सकिन्छ । विश्वदृष्टिको मान्यता सर्वव्यापी छ । समाजशास्त्रकै मान्यतामा आधारित भए पनि यसको छुट्टै र आफ्नै किसिमको दृष्टिकोण पनि छ । गोल्डमानले एउटा वर्ग वा समूहको जीवन-जगत्का सम्बन्धमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । विश्वजनित परिवेशमा एउटा समूह वा वर्गले अर्को समूह वा वर्गसँग कुनै न कुनै रूपको सम्बन्ध राखेको हुन्छ । त्यही सामूहिक भाव वा विचारको एउटा व्यवस्थाले संरचनाको निर्माण गर्दछ (सन् १९८१, पृ. ९८) भनेका छन् । उनका अनुसार कृतिहरू अन्तर्वैयक्तिक सम्बन्धका जटिल तन्त्र हुन् । व्यक्ति वा समाज नै कृतिको विषय हुन्छ तर नितान्त एक्लो व्यक्ति वा मान्छे कृतिको विषय हुन सक्दैन । जैनले "व्यक्ति वा लेखकले आफूले भोगेको समाज, आफूले देखे-भोगेका वा अनुभूत गरेका कुराबाट नै एउटा कृतिको निर्माण गर्दछ" (सन् १९९२, पृ. ४७) भनेकी छन् । उनको यस भनाइबाट विश्वदृष्टिको यथार्थ र वास्तविक मर्मलाई बुझ्न सकिन्छ । समाजमा भिन्नभिन्न पेसा, वर्ग, परिवार, परिचित, अपरिचित, राष्ट्रिय वा अन्तर र्राष्ट्रिय क्षेत्रका व्यक्ति वा समूह बसेका हुन्छन् । तिनले एकअर्काको चेतनामा प्रभाव पारेका हुन्छन् । त्यही प्रभावबाट लेखकमा एउटा अनौठो, जटिल तथा विशृङ्खलित संरचनाको निर्माण हुन्छ तर यसको विपरीत जब एकै प्रकारका सामाजिक समूहका व्यक्तिहरूको ठुलो सङ्ख्यामा अध्ययन गरिन्छ तब त्यसबाट अद्भूत मनोवैज्ञानिक तत्त्वले एकअर्कालाई भिन्न देखाउँछन् । त्यसपछि पुनः चेतनामा एउटा सुसम्बद्ध सशक्त चेतनागत संरचनाको विकास हुन्छ । यही सशक्त र सुसम्बद्ध चेतना नै यथार्थमा रचनाको विषय बन्दछ । यही सुसम्बद्ध विषय स्रष्टाका माध्यमबाट कृतिसँग जोडिन्छ र त्यसबाट साहित्यिक कृतिको अन्तिम अर्थ प्राप्त हुन्छ । क्षत्रीले "समाजमा वर्ग वा समूहको मानसिक संरचनामा आन्तरिक एकता रहेजस्तै स्रष्टाका कृतिमा व्यक्ति, विश्वदृष्टि र समाजको विश्वदृष्टिमा एकात्मकता रहेको हुन्छ" (२०६४, पृ. ५०) भन्नुले पनि विश्वदृष्टिको मान्यतालाई केही रूपमा बुझ्न सकिन्छ । उनले कुनै पनि कुरालाई हेर्ने दृष्टि व्यक्ति र समूहको अलगअलग हुनसक्छ र त्यसमा अधिकांशको सोच वा दृष्टिकोण मिल्यो भने मात्र त्यो विश्वदृष्टि बन्दछ भन्ने दृष्टिकोण राखेको पाइन्छ ।

विश्व वाङ्मयका क्षेत्रमा देखिएका अनेकौँ रचनामा विश्वदृष्टि हुन्छ । दर्शन, कला, साहित्यमा भिन्नाभिन्नै रूपमा विश्वदृष्टि प्रकट भए पनि यथार्थमा विश्वदृष्टि एउटै हुन्छ । यस किसिमको विश्वदृष्टि एउटा निश्चित कालखण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रमा प्रकट हुन्छ (पाण्डेय, सन् २००६, पृ. १४८) । उनको यो भनाइले साहित्यमा मात्र नभएर विभिन्न क्षेत्रका विभिन्न विधामा पनि विश्वदृष्टि रहेको हुन्छ । विश्वदृष्टिको खोज वा त्यस समयलाई बुझ्न त्यस समयका व्यक्तिलाई जान्न, त्यस समयका कृतिको अध्ययन गर्नुपर्दछ भन्ने विचार व्यक्त गरेका छन् । गोल्डमानले के कुरा पनि भन्दछन् भने कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ । एउटा समाजशास्त्रीले यही समानधर्मिताको खोज गर्नु आवश्यक हुन्छ । उनका विचारमा एउटा व्यक्तिको विचार वा अनुभव यति सानो र सीमित हुन्छ कि त्यसबाट सार्थक मानसिक संरचना/ विश्वदृष्टिको विकास सम्भव हुँदैन । कुनै पनि कृति पढ्दा कहीँ त्रासदीय दृष्टि, कहीँ विद्रोहको चेतना, कहीँ घृणाको भाव किन र कसरी आउँछ भन्ने कुरामा साहित्यको समाजशास्त्रीले समाधानको गहन अध्ययन गर्नुपर्दछ । यसमा उनको विचार के रहेको पाइन्छ भने समाजशास्त्रीले अध्ययनको विषय बनाउँदा कृतिलाई रूपको दृष्टिकोणबाट नहेरेर अर्थको दृष्टिकोणबाट हेर्नुपर्दछ ।

यसरी लुसिए गोल्मानले कुनै पनि साहित्य र इतिहासका बिच विश्वदृष्टिका स्तरमा संरचनात्मक सम्बन्धको खोज गरेका छन् । प्रस्तुत अध्ययनमा पनि गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार मानेर 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको विश्लेषण गरिएको छ ।

**'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको विश्लेषण**

प्रस्तुत लेखमा कथाकार महेशविक्रम शाहको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको विश्लेषण गरिएको छ । विश्लेषणका सन्दर्भमा उक्त कथामा के कस्तो परिवेश र परिस्थितिहरूले काम गरेका छन् र ती परिवेश र परिस्थितिका घटनासन्दर्भहरूले नेपाली जनमानसमा युद्धले पारेको प्रभाव र उनीहरूका मानसपटलमा उब्जिएका भावनाको अनि युद्धमा आफ्ना परिवारका सदस्य गुमाउन पर्दाको क्षणको दृष्टिकोण के छ ? त्यसलाई के कसरी हेरिएको छ भन्ने कुराका साथै त्यसरी चित्रित घटनाक्रमले समाजमा के कस्तो प्रभाव पार्न सक्दछ भन्ने सन्दर्भमा कथालाई विभिन्न आधारमा विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत आलेखमा विश्वदृष्टिको मान्यताबाट हेर्ने प्रयास गरिएको छ ।

**'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको घटनासन्दर्भ**

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा बाह्रवर्षे युद्धले सामान्य परिवारमा पारेको प्रभावको चित्रण गरिएको छ । नेपालमा परिचालित द्वन्द्व त्यस समयमा एउटा उत्कर्षविन्दुमा चलिरहेको थियो भने लेखकको कथासाधनाले पनि एउटा उत्कर्षता हासिल गरिरहेको थियो । कथालेखनको समयमा नेपालमा नेकपा माओवादीद्वारा सञ्चालित सशस्त्र युद्ध पनि उत्कर्षतातिर नै उन्मुख भएकाले यस परिस्थितिमा भएका घातप्रतिघातले समाजका व्यक्ति, समुदाय तथा सिङ्गो राष्ट्रलाई नै प्रभावित पारिरहेको थियो । यस्तो परिस्थितिमा उनीहरूका क्रियाकलापबाट प्रभावित नेपाली जनताको मानसिकता र हरेक परिवारमा प्रायःजसो हुने यस्ता घटना र त्यसले पार्ने प्रभाव नै कथाको विषयवस्तु बनेको छ । यस कथाका लेखक स्वयम् त्यस समयमा नेपाल प्रहरी अधिकृतको रूपमा काम गरेका हुनाले त्यस समयमा घटेका कारुणिकलगायत प्रायः सबैखालका घटनालाई उनले कलात्मकरूपमा मूर्तरूप दिएको देखिन्छ । कथामा आफ्नो एक्लो छोरो लामो समयसम्म घरमा नआएपछि उसको खोजीमा निस्किएको बाबुले गाउँ-सहरमा खोज्न नगएर जङ्गलमा खोज्न जानुबाट पनि तत्कालीन परिवेशलाई बुझ्न सकिन्छ । खोज्न जाँदा जङ्गलमा छोराको टाउकोमात्र फेला पार्दछ । उसको शरीर धुइँपत्ताल लगाएर खोज्दा पनि फेला नपारेपछि कयौँ दिनदेखि सडेको दुर्गन्धित छोराको टाउको बोकेर हत्यारालाई हतकडी लगाउने सोचमा बाबुले सोच्दछ - "उसको छोराको हत्याराले पक्कै पनि कानुनबमोजिम सजाय पाउनेछ । उसको देशले बुझ्नेछ, उसको पीडा, टाउको छिनालिएको एकमात्र छोराको बाबुको पीडा" (पृ. १९) । तर यथार्थमा यसो भएको छैन । तत्कालीन परिवेशमा देशका कुनै पनि निकाय सक्रीय छैनन् । जिम्मेवार छैनन् । कसैले पनि उसको पीडालाई बुझ्न सक्दैनन् । अचानोको चोट खुकुरीले जान्दैन भनेझैँ तत्कालीन समयमा जसले जे जस्तो दुर्गति भोग्यो त्यसले मात्र अनुभूत गर्ने परिस्थिति देशमा सिर्जित छ भन्ने विश्वदृष्टि कथामा पाइन्छ । २०५२ सालदेखि सञ्चालित माओवादी द्वन्द्वका कारण कुनै पनि निकायलाई कसैको चिन्ता थिएन । सबै निकाय आफूसँग आएको घटनालाई अर्को निकायमा टाँसो लगाएर आफूबाट पन्छाउने काममा मात्र दत्तचित्त छन् । सर्वसाधारणको पीडामा राहत दिने सोच कसैमा छैन, आफूमात्र बच्ने र अरूलाई दोष लगाउने सोचको विश्वदृष्टि तत्कालीन परिवेशमा रहेको यथार्थतालाई कथाको घटनासन्दर्भले देखाएको छ । जुनसुकै परिस्थितिमा र जुनसुकै पक्षले भए पनि मानवको हत्या गर्नु हुँदैनथ्यो, तर त्यस परिस्थितिमा त्यस्तो थिएन । विनाकारण विभिन्न निहुँमा मार्ने र सजाय दिने काम भएको थियो । यस्तो परिस्थितिमा सन्तानको मृत्युले निम्त्याउने बाबुआमाको मानसिकतालाई बुझ्न सक्ने सामर्थ्य कुनै पनि निकायमा बस्ने पदाधिकारीमा प्रायः सून्य थियो । छोराको टाउको

भेटेपछि एउटा निरीह बाबुको स्थितिलाई कथाकारले कथामा यसरी व्यक्त गरेका छन् :

> अन्ततः हिलो, धूलो र आलो रगतले लतपतिएको छोराको टाउको छातीमा च्यापेर ऊ भक्कानो छोडेर रोयो । ऊ चौपट्टै रोयो जङ्गली जनावरहरूलाईसमेत आतङ्कित पार्ने गरी रोयो । जङ्गलको एकलास ठाउँमा आफ्नो छोराको मृत अनुहारलाई चुम्दै धेरै बेरसम्म जमिनमा घोप्टो परेर विलाप गरिरह्यो । (पृ. १८)

प्रस्तुत सन्दर्भमा व्यक्त भएको अभिव्यक्ति कथाकारको परिकल्पनामात्र नभएर तत्कालीन समयको वास्तविकतासँग पनि सम्बन्धित छ । यो यथार्थ पनि हो । यथार्थमा व्यक्ति वा समाज नै कृतिको विषय हुन्छ तर नितान्त एक्लो व्यक्ति वा मान्छे कृतिको विषय हुन सक्दैन भनेर गोल्डमानले भनेझैँ यो परिस्थिमि भए-गरेका अनेकौँ त्रासदीय घटना व्यक्तिविशेषको वा लेखकको परिकल्पनामात्र नभएर सिङ्गो नेपाली समाजको विश्वदृष्टि वा यथार्थ पनि हो । दश वर्षसम्म नेपाली समाजमा चलेको माओवादी सशस्त्र युद्धले नेपाली विकट ग्रामीण समाजमा बढी प्रभाव पारेको थियो । यस समयमा युद्ध गर्ने र युद्ध दबाउने दुवै पक्षले एकअर्काका नाउँमा सर्वसाधारणलाई नै यातना दिएका थिए । दुवै बन्दुकधारीहरूका बिचमा सर्वसाधारण नेपाली जनताहरू, परिवारका सदस्यहरूलाई गुमाउँदै समाजमा आफूलाई असहाय टुहुरो र एक्लो महसुस गर्न पुगेको यथार्थ चित्रण विश्वदृष्टिका रूपमा कथामा घटनासन्दर्भसँग जोडिएर आएको देखिन्छ ।

प्रस्तुत कथामा वर्णित घटना अत्यन्तै त्रासद छ । यसले जो कोहीको पनि मुटु हल्लाउन सक्छ एकातिर भने अर्कोतिर लेखकले नेपालको प्राकृतिक सौन्दर्यको पनि त्यत्तिकै खुलेर मिहिन र कलात्मकरूपमा चित्रण गरेका छन् । प्राकृतिक वा अन्य कुनै पनि सौन्दर्य मानिसले त्यतिबेलामात्र अनुभूत गर्न सक्छ, जहाँ ऊ रमेको हुन्छ । उसको मन चञ्चलताले भरिएको हुन्छ र उसले आफूलाई पूर्णरूपमा निस्फिक्री र सुरक्षित महसुस गरेको हुन्छ । एक्लो छोरोको मृत्यमा विह्वल बनेको बाबुले मनोरम सौन्दर्यले परिपूर्ण भएको प्रकृतिलाई पनि अनुभूत गर्न सक्दैन । परिवर्तन प्रकृतिको मात्र नभएर मानवीय स्वभाव पनि हो । मानवीय अस्तित्त्वका लागि र विकासका लागि परिवर्तन अपरिहार्य वस्तु भए पनि परिवर्तनको नाममा कसैको जीवन नै समाप्त पार्ने खेल खेल्ने अधिकार धर्तीमा कसैलाई छैन । मानव विकासको लागि मानवजीवनलाई नै समाप्त पार्ने खेल कुनै पनि सन्दर्भमा मान्य हुँदैन । मानवजीवनको विकास, समृद्धि र परिवर्तनका लागि सङ्घर्ष गर्ने हो भने हाम्रा कर्मशील र चेतनशील योद्धाहरूको जीवन समाप्त पारेर होइन, उनीहरूलाई अझ बढी कर्मशील र चेतनशील बनाएर गर्नुपर्दछ । मानवजीवनको विनास गरेर आउने परिवर्तनले त केवल नेतृत्वमा पुग्ने र सत्ताको आडमा आफ्नो र आफ्नाको स्वार्थ सिद्ध गर्ने कार्य मात्र गर्दछ । यही वास्तविकतालाई युद्धरत पक्षको नेतृत्व गर्नेहरूले बुझ्न नसकेको अवस्था पनि हो । भौतिक जीवनलाई समाप्त पारेर स्वर्गको परिकल्पना गर्नु त भौतिकवाद नभएर आध्यात्मिक चिन्तन हो । सिङ्गो नेपाल, सम्पूर्ण नेपाली समाजलाई नै अपाङ्ग बनाएर परिवर्तनको कल्पना गर्नु वा परिवर्तनको नाममा परिवारभित्रका व्यक्ति वा समाजलाई गाउँ निकाला गर्नु, जीवनलाई मृत्युको भयावह खेतीमा सामेल गराउनु, भयावह र डरलाग्दो परिवेशमा बाँचेकाले पनि भित्रभित्रै आफूलाई बारम्बार मार्नु, लक्ष्यविहीन भएर एकमुठी श्वासको घिड्घिडो थामिरहनुजस्ता सामाजिक यथार्थलाई कथाले देखाएको छ, यसमा तत्कालीन परिवेशमा सर्वसाधारणको सङ्ख्या ठुलो थियो र यो मान्यतामा धेरैको सहमति रहेकाले गोल्डमानले भनेझैँ अधिकांशको सोच, दृष्टिलाई साहित्यले समात्न सक्नु पर्दछ भन्ने मान्यता नै यहाँ विश्वदृष्टि बनेर आएको छ । यसमा परिवर्तनको नाममा मृत्युको खेतीमा संलग्न व्यक्तिलाई कसैको मृत्युले नछोए पनि सम्बन्धित पक्ष र त्यससँग सम्बन्धित पक्षको आशा अनि भविष्यको धरोहर ढलेको हुन्छ । उनीहरूमा जीवनप्रतिको आशा र भविष्य अस्ताएका हुन्छन् भन्ने कुरालाई यसरी कथामा व्यक्त गरिएको छ :

> उसले आकाशतिर मुन्टो फर्कायो र ताराहरूलाई हेर्दै भन्यो - "ती ताराहरू तिम्रो भविष्य हुन् तर मेरो भविष्य भने तिमी नै हौ मेरो छोरा ।" उसको मनमा हर्षको झरी दर्क्यो । उसले आफ्नो छोरालाई काँधबाट माथि उफाऱ्यो छोराको मृत टाउको उसका अगाडि भुइँमा भ्यात्त खस्यो । उसले ट्वाल्ल परेर आफ्नोअगाडि भुइँमा बज्रेको

छोराको निर्जीव टाउकोलाई हेऱ्यो । त्यहाँ उसको भविष्य र देशको एउटा तारा अस्ताएको थियो । (पृ. १९)

यसरी माथिको अभिव्यक्तिले जीवनको नमिठो यथार्थलाई देखाएको छ । सन्तानप्रति बाबुआमाले र बाबुआमाप्रति सन्तानले अनेकौँ सपना देखेका हुन्छन् । सन्तानको अनाहकको मृत्युले उनीहरूका सपनालाई चकनाचुर बनाएको हुन्छ । आशा र भरोशा गर्ने ठाउँ रहँदैन । बाँच्ने आधार समाप्त हुँदाहुँदै पनि न्यायको खोजीमा अपाहिज बाबु विक्षिप्त बन्दै हरेक निकायमा पुग्छन् तर न्याय दिने संस्थाले त्यस्तो असमान्य घटनालाई सामान्य रूपमा लिएर आफूबाट पन्छाएर अर्को संस्थालाई भिडाउने कार्य गर्दा देशमा सर्वसाधारणले न्याय नपाउने कुरालाई कथाले एकातिर देखाएको छ भने अर्कोतिर पीडितलाई न्याय र उसको घाउमा मलमपट्टी लगाउनुपर्ने ठाउँमा नुन-खुर्सानी छर्ने कार्य पनि तत्कालीन परिवेशमा भएको पाइन्छ । युद्धको त्रासद वातावरणले सबैलाई गाँजेको भए पनि नागरिकलाई सुरक्षाको ग्यारेन्टी दिन्छौँ भनेर बसेका ठुलाठाला भनाउँदा व्यक्तिहरूले आफूलाई मालिक र नागरिकलाई नोकरका रूपमा हेर्ने परिवेश हिजो पनि थियो र आज पनि छ । नागरिकले तिरेको करको पैसा खाएर समाजसेवाको नाममा लुटको खेती गर्नेहरूमाथि पनि नागरिकले न्यायको आशाको ज्योति जगाइरहेजस्तै उसको मनमा पनि न्याय पाउने कुराप्रति दृढ अठोट पलाएको थियो । "किनकि ऊ पनि यस देशको नागरिक हो र यस देशको कानुनले उसको संरक्षण गर्नेछ" (पृ. १९) भन्ने उसको अभिव्यक्तिले यो कुराको पुष्टि गरेको छ । यसरी देश र कानुनमाथि सर्वसाधारण नागरिकले विश्वास गरे पनि यथार्थमा र कथामा पनि त्यसो हुन सकेको छैन भन्ने कुरालाई कथामा यसरी पनि देखाइएको छ :

> गाउँको प्रतिनिधि अध्यक्षले आफ्नो पीडा बुझ्न नचाहेकोमा उसको छाती चरक्क चिरियो । ऊ अध्यक्षका अगाडि आफ्नो मनको बह पोखेर दुःख बाँड्न चाहन्थ्यो तर अध्यक्षले उसको दुःखलाई भन्दा उसको छोराको मृत टाउकोबाट आइरहेको दुर्गन्धलाई बढी अनुभूत गरेको थियो । (पृ. २१)

प्रस्तुत भनाइले सर्वसाधारण नेपाली जनता आफैले भोट दिएर जिताएका प्रतिनिधिबाट गरेको आशा र उसले देखाएको व्यवहारलाई मार्मिकरूपमा प्रस्तुत गरेको छ । अध्यक्षले देखाएको व्यवहार जुनसुकै निकायमा बस्ने माथिल्लो तहका व्यक्तिले सर्वसाधारणलाई गर्ने व्यवहार पनि हो । एउटा अत्यन्तै पीडामा परेको, मृत छोराको टाउको बोकेर हिँडेको बाबुले गरेको आशा र विश्वास कथामा जसरी भत्किएको छ त्यसरी नै युद्धका सन्दर्भमा होस् वा अन्य सन्दर्भमा होस्, सर्वसाधारणका आशा र विश्वास त्यसरी नै भत्किएका छन् । यहाँ मृत छोराको टाउको बोकेर हिँड्ने बाबु त प्रतिनिधि पात्र मात्र हो । त्यस्ता र त्योभन्दा जटिल घटना दिनानुदिन घटेका छन् तर त्यसमा सम्बन्धित निकायको कुनै चासो छैन । त्यसैले गोल्डमानको दृष्टिकोणअनुसार कुनै पनि कुरा वास्तविक नभएर छद्म हुन्छ । यस सन्दर्भमा पाण्डेयले "सत्य र मान्छे, सत्य र भाषा यिनका बिच साँचो एकत्व/मेल सम्भव छैन" (२०६८, पृ. ४३) भनेका छन् । उनले विविध कारणले धेरै मानिस वा वर्गसमूहलाई कुनै कुरा सत्य लाग्न सक्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । यसैक्रममा गोल्डमानले वर्गलाई आर्थिकवर्गका रूपमा भन्दा सामाजिकवर्गका रूपमा हेर्दछन् । समाजशास्त्रको लक्ष्य भनेको कृतिको आन्तरिक एकतामा उसको विश्वदृष्टिको खोज र त्यस विश्वदृष्टिमा मूलभूत रूपमा सामाजिक समूहको विवेचना हो भनेझैँ समाज परिवर्तनको नाममा भएका युद्धले नेपाल र नेपाली समाजलाई क्षतविक्षत तुल्याएको थियो । नेपालीहरूको गिर्दो मानसिकता भएकाले उनीहरूले आफ्नो र परिवारको उज्ज्वल भविष्यको परिकल्पना गर्न सकेका थिएनन् । त्यसको प्रभाव समाजमा अध्यावधि पनि विद्यमान छ । देशमा सुशासन छैन । हिजोजस्तै नभए पनि मर्ने र मार्ने कार्य रोकिएको छैन । जनताका इच्छा र चाहनाअनुरूप कार्य भएका छैनन् । समाज परिवर्तनको नाममा जनतालाई सिध्याएर भएका विविध खेलबाट तिनै व्यक्तिहरू सत्तामा पुग्दा पनि युद्धमा नै होमिएका जनताले समेत परिवर्तनभन्दा पनि असुरक्षा महसुस गर्ने परिस्थिति सिर्जित छ । देशमा कसरी शान्ति कायम गर्ने भन्ने सोचमा कुनै पनि पक्ष लागेको देखिँदैन । यसको बदलामा बरु राजनीति गर्ने व्यक्तिहरू आफ्नो कुर्ची कसरी जोगाउने र आफ्ना मान्छेलाई कसरी माथिल्लो तहमा पुऱ्याएर सुख-सुविधा उपभोग गर्ने वातावरण बनाउने भन्ने कुरामा नै उनीहरू

लागेको देखिन्छ । त्यसैले सत्तामा बस्ने र माथिल्लो पदलाई ओगट्ने भन्ने व्यक्तिहरूबाट सर्वसाधारण जनताले न्यायको आशा गर्नु बेकार बनेको छ । विधिसम्मत रूपमा नभएर पहुँचको आधारमा, भागबण्डाको आधारमा पद हत्याउने व्यक्तिबाट जनताले सोचेजस्तो र चाहेजस्तो विधिको शासन भएको छैन । त्यस्तोमा मनपरीतन्त्र नै मौलाउँछ र साँढेको जुधाइ, बाच्छाको मिचाइ भनेझैँ सर्वसाधारण जनता अन्यायको सिकार भइरहन्छन् । हत्यारा खुलेआम घुमिरहन्छन् । न्याय खोज्न जानेलाई आफू पन्छिदै अर्को निकायमा टाँसो लगाउने र अन्तिममा पुगेपछि न्याय खोज्ने व्यक्ति नै धक्का खाएर बाटामा पछारिने नियति नै वर्तमानमा नेपाली जनताले भोगेको यथार्थता हो । कथाको घटनासन्दर्भले यसलाई राम्रोसँग पुष्टि गरेको देखिन्छ । त्यसैले जनताका प्रतिनिधि सम्बन्धित निकायमा बस्ने ठुलाठालु आफ्नो स्वार्थभन्दा माथि उठेर राष्ट्र र नेपालीहरूको चाहना, सुख, सुविधाको र जिम्मेवारीको चिन्ता हुनुपर्नेमा त्यसो नभएकाले दिनानुदिन विभिन्न खालका हत्या, हिंसा, अपराधका घटना मौलाउँदै गएको र सर्वसाधारणले अत्यन्तै भयावह सास्ती खेप्नुपरेको यथार्थ संस्कृतिको दृष्टिकोण विश्वदृष्टिको रूपमा कथामा आएको महसुस गर्न सकिन्छ ।

प्रस्तुत कथामा दसवर्षे युद्धले नेपाली समाजमा पारेको प्रभाव र त्यसको भयावह त्रासदीय पीडाको नमिठो यथार्थलाई देखाइएको छ । कथामा वर्णित घटनाले तत्कालीन समयमा सर्वसाधारण व्यक्तिहरू कसरी मारिन्थे र आफ्ना सन्तति गुमाउँदा बाबुआमाको सोच कस्तो हुन्छ भन्ने मानसिकताको यथार्थ चित्रण गरेको छ । युद्धका नाममा भएका विभिन्न घटनाले कैयौँ परिवारलाई आज पनि निरीह र विक्षिप्त बनाएको छ । जनताका हक र अधिकारका नाममा जनतालाई नै सिध्याउने र यातना दिने कार्यले कसैको भलो नहुने यथार्थतालाई पनि साङ्केतिक रूपमा व्यक्त गरेको छ । जबसम्म विधिको शासन र सुशासनको सर्वसाधारणले अनुभूत गर्न सक्दैनन्, तबसम्म देशको विकास सम्भव छैन भन्ने कुरालाई कथाले मार्मिक रूपमा उठाएको छ । यिनै विविध घटनासन्दर्भमा कथाको निर्माण भएको छ अनि त्यसै परिवेशमा विश्वदृष्टि पनि कथामा व्यक्त भएको पाइन्छ । समाजको रूपान्तरण अन्य प्रक्रियाबाट होस् वा हत्या, हिंसाबाट होस् नामको परिवर्तन हुँदैमा जनताका इच्छा र चाहना पुरा हुँदैनन् । त्यसको लागि सम्बन्धित निकायमा पद सह्मालेर बस्नेहरूले दृढ विश्वासका साथ काम गर्नुपर्दछ । देशमा सुशासन कायम गर्दै जनतालाई अगाडि राखेर विश्वासका साथ मिलेर काम गर्न सकेमा मात्र जनताले हिजोको पीडा बिर्सने छन् र पुनः परिवर्तनको नाममा आफ्ना सन्तान गुमाउनुपर्ने र पुनः मर्नु नपर्ने कुराको अन्त्य भएको महसुस गर्दै देशमा नै रम्ने र एकअर्कासँग हातेमालो गर्दै विकास गर्न सकिने कुराको आशा र विश्वासको अभिव्यक्ति नै कथामा सिर्जित परिस्थिति, घटनासन्दर्भ र विश्वदृष्टिको रूपमा अभिव्यक्त भएको छ ।

**'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा विश्वदृष्टि**

प्रस्तुत कथाको घटनासन्दर्भलाई हेर्दा के कुरा स्पष्ट हुन्छ भने 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा दसवर्षे माओवादी युद्धसँग सम्बद्ध छ । त्यसैले स्वाभाविकरूपमा यस कथामा विश्वदृष्टिको सन्दर्भ र प्रसङ्ग पनि सोही युद्धसँग जोडिएर आएको देखिन्छ । देशमा लामो समयदेखि चलेको युद्धको त्रासद परिवेशले सिर्जना गरेको कहालीलाग्दो परिस्थितिबाट निर्मित र विकसित चेतनाबाटै प्रस्तुत कथामा विश्वदृष्टि निर्माण भएको छ । नेपालको भूराजनीतिमा लामो समयसम्म राजतन्त्रको शासन चल्यो । यो शासन वा व्यवस्थाले नेपाल र नेपाली जनताको हित हुन सकेन भन्ने कुराको अनुभूत गर्दै सम्पूर्ण नेपाली आन्दोलनमा होमिएपश्चात् प्रजातन्त्रको पुनर्स्थापना भयो । यसले सम्पूर्ण नेपालीमा आशा र भरोसा जगायो तर थोरै समयमा नै विभिन्न प्रकारका विकृति र विसङ्गतिहरू देखा पर्नथाले । जसको परिणाम विभिन्न किसिमका माग राख्दै माओवादी पक्षबाट सशस्त्र द्वन्द्वको घोषणा हुन पुग्यो तर प्रजातन्त्रको पुनर्स्थापनापश्चात् देशमा विकास, शान्ति र सुशासनको ग्यारेन्टी हुन्छ भन्ने चेतना जनतामा थियो भने हाम्रो कारणले प्रजातन्त्र आयो भन्ने दम्भ शासकवर्गमा विद्यमान हुन पुग्यो । जसले गर्दा थोरै समयमा नै विभिन्न प्रकारका विकृति र विसङ्गतिहरू देखा पर्नथाले । माओवादी सशस्त्र

युद्धको घोषणापश्चात् देशको अवस्था कहालीलाग्दो देखियो । तत्कालीन समयमा एकातिर सशस्त्र विद्रोहमार्फत नै राज्यसत्ता कब्जा गरेर मुक्ति पाइन्छ भन्ने सोच बनेको थियो भने अर्कोतर्फ जुनसुकै रूपमा पनि विद्रोहीलाई र विद्रोहलाई दबाउनुपर्दछ भन्ने चेतनाको विकास भएको थियो । यो सोच राख्ने दुवै पक्षसँग बन्दुक थियो । दुवै बन्दुकधारीका चापमा सोझासाझा नेपाली जनता पिल्सिएको चेतना समूहको थियो । देशमा विद्यमान यस्तो स्थितिमा सर्वसाधारण जनताले तनाव र दबाबको अवस्थामा अनेकौँ यातना भोग्नुपरेको हुनाले उनीहरू निरीह, हतास र असहायको अनुभूति गरिरहेका थिए । सत्तापक्ष, विद्रोही र सर्वसाधारणले देशमा भएको हिंसात्मक आन्दोलनलाई हेर्ने विश्वदृष्टि भने आ-आफ्नै किसिमका थिए । सत्तापक्ष विद्रोहको कारण खोज्नतिर नलागेर बलमिचाइका रूपमा अगाडि बढेको थियो भने विद्रोही हिंसाले नेपाली जनमानसमा कस्तो प्रभाव पारेको छ, यसले सर्वसाधारण जनता कसरी हताहत भएका छन् र यसको दूरगामी प्रभाव कस्तो पर्दछ ? भन्ने कुरा बुझ्न चाहेको थिएन । हिंसाविना पनि विरोध गर्न सकिन्छ । सङ्घर्षको रूप हिंसात्मक नै हुन आवश्यक छैन । मार्ने र मर्ने कुराले कसैको हित हुँदैन । सङ्घर्षमा होमिएका र विनाकारण मारिएका युवाहरूलाई सही बाटोमा लगाएर अहिंसात्मक आन्दोलनले पनि परिवर्तन गर्न सकिन्छ भन्ने सोच विद्रोहीमा थिएन । सर्वसाधारण अनाहकमा मरिरहेका थिए । दुवै पक्षको लुकेर विरोध गरे पनि अगाडि आएर विरोध गर्नसक्ने सामर्थ्य सर्वसाधारणमा थिएन । यसरी तत्कालीन समयमा नेपालमा तीन पक्ष थिए र तीनै पक्षको आ-आफ्नै विश्वदृष्टि थियो । यी तीन पक्षमा सर्वसाधारणको सङ्ख्या ठुलो थियो तर पनि युद्धको दोहोरो मारमा सर्वसाधारण नै पिल्सिएका थिए, मारिएका थिए, काटिएका थिए र बाध्यताको जिन्दगी बाँचेका थिए भन्ने कुरालाई "यो आफै मरेको होइन, मारिएको हो हजुर ! जङ्गलमा मेरो छोरालाई हत्याराले गर्धन छिनालेर दुई टुक्रा पाऱ्यो । मेरो कलिलो छोरो यो एक्लो बाबुलाई बेसहारा बनाएर गयो । म अब एक्लै कसरी बाँचूँ हजुर" (पृ. २०) भन्नुबाट बुझ्न सकिन्छ । तत्कालीन परिवेश र त्यसले सर्वसाधारणलाई पारेको प्रभावलाई पनि यसबाट थाहा पाउन सकिन्छ ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाले बोकेको घटना वा विषयवस्तु हाम्रै आँखाअगाडि र हाम्रै टोलछिमेकका कथा-व्यथाको प्रस्तुति हो भने यसका घटनासन्दर्भमा आएका कतिपय कुराहरू धेरै नेपाली दाजुभाइ, दिदीबहिनीहरूले अनुभूत गरेका कुरा हुन् । गोल्डमानले साहित्यको विषय एउटा व्यक्ति हुँदैन र उसको नितान्त व्यक्तिगत विचार पनि होइन भनेझैँ धेरैका अनुभूतिहरू नै प्रस्तुत कथाको विषय बनेको स्पष्ट अनुभूत हुन्छ । देशमा दसवर्षे युद्ध भयो । युद्धमा जुनसुकै पक्षबाट भए पनि संलग्न भएकाहरूको एकप्रकारको मान्यता रह्यो । जसको कारण हजारौँ-हजार मानिसहरूको अकालमा नै ज्यान गयो । कैयौँ मानसिक र शारीरिकरूपमा अपाहिज बने । कयौँ चेलीहरूको इज्जत लुटियो । समाजमा भय र त्रासद वातावरण सिर्जित भयो । बुढेसकालको सहाराका रूपमा बढे-हुर्केका सन्तानको आफ्नैअगाडि, आफ्नै घरमा अनि पाखा-पखेरा र जङ्गलमा निर्ममतापूर्वक हत्या भयो । कयौँ दिनदेखि सडेका लास वा टाउको बाबुले बोक्नुपर्ने परिस्थिति सिर्जित भयो । अन्याय र अत्याचारको सिकार बन्दै बन्दुकेहरूको आक्रमण वा अपहरणको त्रास खेप्नुपर्ने अवस्था सिर्जित भयो । मान्छेले मान्छेलाई डरलाग्दो पशुको रूपमा देख्न थाले । मान्छेले वा ओहोदामा बस्ने व्यक्तिले मान्छेका भावना बुझ्न छाडे । मान्छेका पीडा उनीहरूका लागि हास्यास्पद बन्न थाले । उनीहरूका पीडालाई बुझ्ने कोही हुँदैनन् । त्यस्ता पीडित व्यक्तिको पीडा र व्यथाको अनुभूति गर्दै भट्टराईले भनेका छन्, "मृत छोराको गिडिएको टाउको शिरमा बोकेर एउटा पात्र विक्षिप्त भई कुद्छ, रुन्छ, कराउँछ, गुहार माग्छ तर ऊ चारैतिर अन्धकारसिवाय केही देख्दैन" (पृ. ङ) । यस अभिव्यक्तिबाट पनि तत्कालीन परिवेश र सर्वसाधारणको विश्वदृष्टि अनि उनीहरूले बेहोरेको परिस्थितिलाई बुझ्न सकिन्छ ।

विश्वदृष्टिका मान्यताका आधारमा हेर्दा कथामा जुन त्रासदीय वातावरण सिर्जित भएको छ । त्यो तत्कालीन समयको यथार्थता पनि हो । मानिसलाई मार्ने कुरा सामान्य बनेको समय पनि हो । त्यस परिस्थितिमा जीवन, जीवन नरहेर मृत्यु बनेको परिवेश पनि हो । सधैँ आफ्नो र आफन्तको जीवन रक्षाका लागि लुकामारी खेल्नुपर्ने परिस्थिति सिर्जित भएको अवस्थाको समय पनि हो । आफ्नै आँखाअगाडि आफ्नाहरू लासमा परिणत भएको देख्दादेख्दै पनि मुख र आँखा बन्द गरेर बसेको

स्थिति पनि हो । एक-दुई दिन घरमा सन्तानहरू नआउँदा जङ्गलै-जङ्गल छोराको मृत लास खोज्न बाबुआमा हिँडेको अवस्था पनि हो । यिनै अवस्थालाई भोगेका नेपाली समाजको दृष्टिकोण तत्कालीन परिवेशमा व्यक्तिविशेषको नभएर समूह वा वर्गविशेषको चेतनाको उपजका रूपमा आएको छ। देशमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् एउटा कालखण्डमा सर्वव्यापी रूपमा यस्तै भएको धारणा आमसमाज र वर्गविशेषको चेतनाले अनुभूत गरेको हुनाले त्यो कुरा कथामा विश्वदृष्टिको रूपमा आएको छ । तत्कालीन समयमा मृत्युको खेती मौलाएको छ । मान्छेलाई मार्ने कुरा सामान्य बनेको छ । सर्वसाधारणको अनाहकमा र निर्ममतापूर्वक दिनानुदिन हत्या भएको छ भन्ने कुरा ठुला ओहदामा बस्ने सबैलाई थाहा छ, तर उनीहरूलाई त्यस कुराले नछोएको कुरालाई कथामा यसरी व्यक्त गरिएको छ, "आजकल जङ्गलीहरू हरेक दिनजसो मान्छे मारिरहेका छन् । जङ्गलका पशुलाई भन्दा पनि मान्छे मार्नु सामान्य हुन थालेको छ । पुलिस अधिकारीले यसरी भन्यो मानौँ उसलाई यस्ता घटनाहरूका बारेमा पूर्ण जानकारी छ" (पृ. २१) ।

प्रस्तुत अभिव्यक्तिमा आएका कुरा यथार्थ पनि हुन् । तत्कालीन समयमा माओवादी र नेपाली सेनाले विभिन्न निहुँमा सर्वसाधारणलाई अनावश्यक रूपमा दुःख दिने र आफूले भनेजस्तो नभएमा मानिसको हत्यासमेत गर्ने गरेको कुरा पनि यथार्थ हो । युद्धको समयमा पशुलाई भन्दा पनि मान्छेलाई मार्नु सामान्य बनेको थियो । सर्वसाधारणको दिनानुदिन अनाहकमा मृत्यु भएको छ भन्ने कुरा माओवादी, सेना, प्रहरी, राजनीति गर्नेहरू, नागरिक समाजका अगुवा सबैसबैलाई थाहा थियो तर सर्वसाधारणको जीवन रक्षा कसरी गर्ने र गर्न सकिन्छ भनेर कसैको चासो थिएन । आफै मौन बसेर उनीहरूले जे भने त्यो काम गरेर वा भागेर जीवनको सुरक्षा गर्नुबाहेक सर्वसाधारणको अर्को उपाय थिएन । यति हुँदाहुँदै पनि कसैलाई खाना खुवाएको निहुँमा, कसैलाई चन्दा दिएको निहुँमा, कसैलाई छोरा वा छोरी माओवादीमा पठाएको निहुँमा, कसैलाई अटेरी गरेको निहुँमा, कसैलाई सेनामा भर्ती भएको निहुँमा दिनानुदिन सर्वसाधारणको हत्या भएको थियो । यिनै विविध कारणमा आफ्नाको सडेको लास बोकेर हिँड्नुपर्ने परिस्थिति सिर्जित भएको थियो । आफूले आफ्नै सोचेका व्यक्तिले पनि धोका दिएका थिए । मानिस शत्रुविहीन हुन सक्दैन भन्ने भाष्यले काम गरेको थियो । को आफ्नो र को पराइ कसैसँग मनको बह पोख्ने हिम्मत गर्दैनथे । त्यही द्वन्द्वका कारणले उब्जिएको र मानिसमा पारेको घाउलाई कथाकारले कथामा कलात्मक रूपमा उतारेका छन् । सबैका आ-आफ्नै दृष्टिकोण र गुनासा छन् । सबैका आ-आफ्नै पीडा छन् । सर्वसाधारण जनताका पनि आफ्नै अनुभूति र पीडाहरू छन् । परिवारको आशा र भरोसाका केन्द्रमा रहेका छोराको मृत्युले बाबुमा पारेको प्रभाव र पीडालाई अत्यन्तै संवेदनशील रूपमा कथामा देखाइएको छ । यो संवेदनशिलता सर्वसाधारण र समूहले गरेको अनुभूति पनि हो र कथामा रहेको विश्वदृष्टि पनि हो । कथामा छोरो मर्नुको वा मारिनुको आफ्नै खालको पीडा छ भने छोराको मृत्युजस्तो संवेदनशील पक्षमा न्यायालय वा न्याय गर्ने निकायमा बस्ने व्यक्तिहरूबाट न्याय नपाउँदा वा उनीहरूले गरेको व्यवहारको आफ्नै खालको पीडा छ । अन्य कुरामा न्याय नपाउनुभन्दा पनि छोराको मृत्युजस्तो कुरामा अन्यायमा पर्दा र अपहेलित भएर फर्कनुपर्दाको अनुभूति र पीडा पनि आफ्नै खालको छ । जसलाई पऱ्यो, पऱ्यो भन्ने भाष्यले पनि यहाँ काम गरेको छ । आफूलाई र आफ्नालाई हुने पीडा र अनुभूति अरूलाई हुन सक्दैन भन्ने विश्वदृष्टिको मान्यताले पनि यहाँ काम गरेको कुरालाई कथामा कथाकारले यसरी देखाएका छन् :

> आफ्नो देशमा भए पनि ऊ विदेशमा भएझैँ असहाय र एक्लो छ । उसको छोराको मृत्युको पीडालाई अनुभूत गर्ने ऊबाहेक अर्को मान्छे कोही छैन । उसको छोराको काटिएको टाउकोमाथि दुई थोपा आँसु झार्ने उसका आँखाहरूबाहेक अरू आँखाहरू कतै भेटिएनन् । यस अनुभूतिले ऊ मर्माहत भयो । हातले आफ्ना जगल्टा लुछ्दै ऊ क्वा, क्वा रुन थाल्यो । उसले आफ्नो निर्बल शरीरलाई आफ्नो पकडबाट मुक्त गऱ्यो र ऊ काटिएको रुखझैँ डगमग गर्दै जमिनमा गल्र्याम्म ढल्यो । उसको हातबाट छोराको निर्जीव टाउको फुत्क्यो र ढुनमुन गर्दै ढुङ्गामा डङ्ग्रङ्ग बजारियो । (पृ. २२)

यसरी प्रस्तुत कथामा तत्कालीन समयमा माओवादी, सेना, प्रशासन र सर्वसाधारणको अवस्था कस्तो थियो भन्ने कुरामा लेखकले जे जस्ता कुरा देखे, भोगे, अनुभूत गरे त्यसलाई कथात्मकरूप दिए । यसमा लेखकले परिवर्तनका लागि विरोध हुनुपर्दछ तर जीवन समाप्त पारेर होइन भन्ने दृष्टिकोण राख्दै जीवन सबैको प्यारो हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । एउटा जीवनसँग अनेकौँ व्यक्तिका आशा र भरोसा जोडिएका हुन्छन् । त्यस्तो अवस्थामा सबैमा तनाव र दबाबको अवस्था सिर्जित हुन्छ र बचाउन चाहने तथा न्याय खोज्न जाने पनि समाप्त भएर संसार उजाड हुन्छ । यसले जनता र राष्ट्रिको हित गर्दैन भन्ने दृष्टिकोणका साथै मानवजीवनको संरक्षण गर्दै परिवर्तन गर्न सकेमा मात्र राष्ट्र, समाज र जनताको सर्वोपरि विकास हुन्छ भन्नु नै कथामा अभिव्यक्त समूह र वर्गचेतनाको विश्वदृष्टि पनि हो ।

**निष्कर्ष**

'बाबुको काँधमा छोरो सुतिरहेको देश' महेशविक्रम शाहको *छापामारको छोरो* (२०६३) सङ्ग्रहमा सङ्कलित कथा हो । यस कथालाई समाजशास्त्रका विभिन्न हाँगाहरूमध्ये लुसिए गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिका आधारमा विश्लेषण गरेर हेर्दा कथाकारले प्रस्तुत कथामा युद्धले कुनै न कुनै रूपमा मानव विनास गर्ने हुँदा परिवर्तनको लागि युद्ध नभएर अन्य बाटो अवलम्बन गर्नु आवश्यक हुन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । जहाँ सम्पूर्ण कार्यमा नेपाली जनताले भित्रैबाट नै आफ्नो पनि सहभागिता जनाउन सकेमा परिवर्तन सबैको साझा विषय हुन सक्दछ । परिवर्तनका नाममा हुने लुटपाट र मृत्युको कारणबाट जीवनमा तनाव र दबावको स्थिति सिर्जित हुन्छ अनि कहिल्यै सन्चो नहुने घाउ बन्न सक्दछ । त्यस्तो स्थितिमा युद्धको कारणबाट आउने परिवर्तनले केहीका स्वार्थ परिपूर्ति भए पनि सम्पूर्ण जनताका इच्छा, आकाङ्क्षा परिपूर्ति गर्न सक्दैन भन्ने कुरा पनि कथामा पाइन्छ त्यसरी नै छोरालाई गुमाएर आएको परिवर्तनले बाबुलाई र बाबुलाई गुमाएर आएको परिवर्तनले छोरालाई सम्बोधन गर्न सक्दैन । आफ्नो भएको सम्पूर्ण सम्पत्ति छोडेर अर्को मुलुक जानुपर्ने परिस्थिति सिर्जित युद्धबाट भएको परिवर्तनले पनि जीवनलाई सम्बोधन गर्न सक्दैन भन्ने कुरा पनि कथामा आएको छ । आफ्नै आँखाअगाडि दिदीबहिनीको अस्मिता लुटिएको हेर्नुपर्ने परिस्थिति निर्माण गरेको युद्धले सम्पूर्ण देशवासीलाई जस्तोसुकै परिवर्तनले पनि सम्बोधन गर्न सक्दैनन् भन्ने कुरालाई कथाले मार्मिक रूपमा देखाएको छ । यस्तो अवस्थामा ठुलाबडा र सत्तासीन व्यक्तिको सुरक्षामा मात्र सम्बन्धित निकायका व्यक्तिहरूको चिन्ता हुन्छ । सर्वसाधारणलाई न्याय दिनुपर्दछ । उनीहरूको आवाजलाई सुन्नुपर्दछ । उनीहरूका समस्यालाई बुझ्नुपर्दछ भन्ने सोच कसैमा रहेको हुँदैन । यस्तो अवस्थामा न्याय खोज्दा-खोज्दै थाकेर न्याय माग्ने व्यक्तिको नै मृत्यु भएको स्थितिलाई देखाएर लेखकले कथाका माध्यमबाट नेपालीले नेपालीलाई नै मारेर परिवर्तन गर्ने युद्धभन्दा अन्य तरिकालाई अपनाएर अन्याय, अत्याचार र शोषणको अन्त्यका लागि गरिने परिवर्तन हजारौँ गुणा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा देखाउँदै न्याय सबै नेपालीको पहुँचमा हुनुपर्दछ । अन्यायको कारणले कसैले मर्नु हुँदैन । आत्मसम्मानका साथ बाँच्न पाउने वातावरण देशमा सिर्जित हुन सकोस् । यही नै तत्कालीन अनि आजको पनि आवश्यकता हो र कथाको कथ्य र विश्वदृष्टि पनि हो ।

**सन्दर्भग्रन्थसूची**

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा,* अक्षर क्रियासन्स ।

क्षत्री, उदय (२०६४). 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन', अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

गोल्डमान, लुसिए (सन् १९८१). *मेथड्स इन द सोसोलोजी अफ लिटरेचर,* अक्सफोर्ड विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९९२). *साहित्यकी समाजशास्त्रीय चिन्तन* (दो.सं.), दिल्ली विश्वविद्यालय ।

नारङ्ग, गोपीचन्द्र (सन् २००२). *संरचनावाद, उत्तर संरचनावाद एवम् प्राच्य काव्यशास्त्र,* साहित्य अकादमी ।

पाण्डेय, ताराकान्त (२०६८). *अर्थको आनन्द,* विवेक सिर्जनशील प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६). *साहित्यकी समाजशास्त्रकी भूमिका,* साहित्य अकादमी ।

भट्टराई, गोविन्दराज (२०६३). 'यी अभिघातका कथाले मुटु हल्लाउन थाल्छन्', "भूमिका", *छापामारको छोरो,* महेशविक्रम शाह, साझा प्रकाशन ।

भण्डारी, गोपालप्रसाद (२०६८). 'नाभिकीय समालोचना', *रत्न समालोचनासङ्ग्रह,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार ।

शाह, महेशविक्रम (२०६३). *छापामारको छोरो,* साझा प्रकाशन ।